सुनापति गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक

कार्यपालिका बैठक संख्याः १३

आ.व:२०८२/०८३

मितिः २०८२ चैत्र १५ , आइतबार

समयः दिउँसो २:०० बजे

स्थानः सुनापति गाउँ कार्यपालिकाको कार्यालय।

आज मिति २०८२ साल चैत्र १५ गते आइतबारका दिन सुनापति गाउँपालिकाका अध्यक्ष श्री ठुलोकान्छा तामाङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णय गरियो।

<u>उपस्थितिः</u>

| | | |
|---|---|---|
| १. श्री ठुलोकान्छा तामाङ | अध्यक्ष | |
| २. श्री गीता बिष्ट | उपाध्यक्ष | |
| ३. श्री ध्रुव प्रसाद चौलागाई | सदस्य | |
| ४. श्री पदम वहादुर थापा | सदस्य | |
| ५. श्री कुल वहादुर थिङ | सदस्य | |
| ६. श्री डण्डुप लामा | सदस्य | |
| ७. श्री चित्र वहादुर मानन्धर | सदस्य | |
| ८. श्री रिता कामी धमला | सदस्य | |
| ९. श्री अविना लामा | सदस्य | |
| १०. श्री सुनमाया तामाङ | सदस्य | |
| ११. श्री हरि माया श्रेष्ठ | सदस्य | |
| १२. श्री टासी लामा | सदस्य | |
| १३. श्री मिन कुमार खाती | सदस्य | |
| १४. श्री सुरेश कुमार श्रेष्ठ | सचिव | |

अन्य उपस्थितिः

१५.श्री रविन्द्र कुरेल - प्रशासन शाखा प्रमुख

१६.श्री कान्छि माया वाइबा- कार्यालय सहयोगी

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप
आ.व.२०८२/०८३ को तेह्रौ कार्यपालिका बैठक

१५ चैत्र २०८२
ने.स. ११४६ चौलाथ्व ११ सोमबार

| क्र. सं. | प्रस्तावहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्ला कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा सम्वन्धमा। | यस सम्बन्धमा विस्तृत छलफल गर्दा अघिल्ला गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समीक्षा गर्दै निर्णय कार्यान्वयनलाई अझ प्रभावकारी, कानूनसम्मत र समयमा क्रमशः कार्यान्वयन गर्ने निर्णय गरियो। |
| २ | योजना अनुगमन र भुक्तानी सम्वन्धमा। | यस चालु आर्थिक वर्ष २०८२/०८३ मा सम्झौता भई कार्यान्वयनमा रहेका र कार्यसम्पन्न भएका तपसिलका योजनाहरुको भुक्तानी दिने ।<br>तपसिलः<br>१. मगर टोल बाटो स्तरोन्नति वडा नं. १ रु. ५ लाख।<br>२. कामीखोला घिसिङटोल र खोड्पा सडक मर्मत वडा नं. ३ रु. २ लाख।<br>३. चौंपस्वारा सामुदायिक भवन वडा नं. २ रु. १ लाख ५० हजार।<br>४. नेत्रेस्वर महादेव मन्दिर कम्पाउण्ड वाल निर्माण वडा नं. ४ रु. २ लाख ५० हजार।<br>५. कुशेश्वर कृष्ण मन्दिर निर्माण वडा नं. ४ रु. २ लाख ५० हजार।<br>६. भ्वाँसा जनहित सामुदायिक भवन ट्रस निर्माण वडा नं. ४ रु. ५ लाख ५० हजार।<br>साथै सुनापति गाउँपालिकाको आर्थिक सर्वेक्षणको कार्य सेवा परामर्श खरिद विधिबाट यस गाउँपालिकामा सूचिकृत परामर्शदातामध्ये सहकार्य कन्सल्ट प्रा.लि.सँग सम्झौता भई अन्तिम प्रतिवेदन पेस भएकोले प्रतिवेदन स्वीकृत गरी सम्झौता र भ्याट विल बमोजिम भुक्तानी गर्ने। |
| ३ | दोस्रो चौमासिक सार्वजनिक सुनुवाई सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा यस चालु आर्थिक वर्ष २०८२/०८३ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई २०८३ वैशाख ११ गते शुक्रवार गाउँकार्यपालिकाको प्राङ्गणमा गर्ने। |
| ४ | बालमैत्री स्थानीय तह घोषणा सम्वन्धमा। | यस सुनापति गाउँपालिकालाई बालमैत्री स्थानीय शासन अन्तर्गत बालमैत्री गाउँपालिका घोषणा गर्नको लागि बालमैत्री स्थानीय तह घोषणाको लागि पूरा गर्नु पर्ने सूचकहरुको अध्ययन गरी सूचक अनुसारको पूर्वाधारको व्यवस्था भए नभएको र नभएको सूचकहरु पूरा गर्नको एक अध्ययन समिति र वडा गत सहजकर्ता तोक्नुको साथै वडाहरुलाई क्रमशः बालमैत्री वडा घोषणा गरी आगामी आर्थिक वर्ष २०८३/०८४ को असोज मसान्त सम्ममा बालमैत्री वडा घोषणा गरी मंसिर महिनाको मसान्तभित्र बालमैत्री गाउँपालिका घोषणा गर्ने प्रतिवद्धता गरियो।<br>अध्ययन समितिः<br>संयोजकः श्री कमल वम, शिक्षा शाखा प्रमुख |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | सदस्यः श्री माधव प्रधान, स्वास्थ्य शाखा प्रमुख<br>सदस्यः श्री मिरा मगर, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख<br>सदस्यः श्री राजिब खड्का, खानेपानी प्राविधिक।<br>वडागत सहजकर्ताहरु:<br>वडा नं. १, प्रशान्त श्रेष्ठ, वडा प्राविधिक<br>वडा नं. २, सुशिला गुसाः वडा प्राविधिक<br>वडा नं. ३, लोकेश पान्डे, वडा सचिव<br>वडा नं. ४, दिनेश थापा, कृषि प्राविधिक<br>वडा नं. ५, रेजिना ग्यापक, कृषि प्राविधिक<br>मितिः २०८२ चैत्र २० गते अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। |
| ५ | स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली (LGPAS) सम्बन्धमा। | आर्थिक वर्ष २०८१/०८२ को स्थानीय शासन कार्यसम्पादन मूल्यांकनको लागि विषयगत समिति र विषयगत शाखाहरुबाट प्रविष्ट भएको विवरण हेरी पुनः कुनै विवरण छुट भएमा विवरण प्रविष्ट गराई जिल्ला समन्वय समिति रामेछापमा पेस गर्ने। |
| ६ | दरखास्त आह्वान सम्बन्धमा। | सुनापति आधारभूत अस्पतालमा रिक्त रहेको १ (एक) र गुन्सी स्वास्थ्य चौकीको लागि १ जना SBA तालिम प्राप्त अनमी रिक्त रहेकोमा पदपूर्तिको लागि दुई पटक दरखास्त आह्वान गर्दा पनि कसैको निवेदन नपरेकोले सो स्थानमा पनि स्टाफ नर्स १ जना करार प्रदपूर्ति गर्न २ जना स्टाफ नर्सको लागि दरखास्त आह्वान गर्ने । |
| ७ | अध्ययन भ्रमण सम्वन्धमा। | यस चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वजेट तथा कार्यक्रममा जनप्रतिनिधि कर्मचारी अध्ययन भ्रमणमा वजेट व्यवस्था रहेकोले मितिः २०८२ चैत्र २२ गते देखि एक हप्ता कार्यपालिका सदस्य, वडा सदस्यहरु र कर्मचारीहरु सम्मिलित कम्तिमा एक नमुना स्थानीय तहको समेत अध्ययन भ्रमण गर्ने गरी अध्ययन भ्रमण कार्यक्रम कार्यान्वयन गर्ने। |
| ८ | असल अभ्यास स्वीकृत गरी पठाउने सम्वन्धमा। | गत आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालित योजनाहरु मध्ये धार्मिक पर्यटन प्रवर्द्धनको लागि सुनापति डाँडाको शिव मूर्ति र १०८ लहरेमाने निर्माण योजना रामेछाप जिल्लाका ६ वटा गाउँपालिकाहरु मध्येबाट जिल्लामै उत्कृष्ट असल अभ्यासको रुपमा छनौट भई जिल्ला समन्वय समिति रामेछापबाट प्रदेशमा सिफारिस भएकोले उक्त योजनाको संक्षिप्त प्रस्तुतीकरण प्रदेश स्तरमा प्रस्तुतीको लागि स्वीकृत गर्ने। |
| ९ | प्रतिनिधि वा वारिस तोक्ने सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा श्री उच्च अदालत पाटन ललितपुरबाट रिट नं. ०८२-W०-१०२० को लागि यस सुनापति गाउँपालिका अध्यक्ष श्री ठुलोकान्छा तामाङ, उपाध्यक्ष (सुनापति गाउँपालिका न्यायिक समितिका संयोजक) श्री गिता विष्ट र वडा नं. ४ का वडा अध्यक्ष श्री डण्डुप लामालाई विपक्षी बनाई पेश |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | |
|---|---|---|
| | | भएको मुद्दाको लागि मितिः २०८२ चैत्र ९ गते यस गाउँपालिकामा तामेली पेस भएकोमा १५ दिनको म्याद भित्र उपस्थित भई निजहरुको वारिसको कार्य गर्नको लागि यस सुनापति गाउँपालिकाका रोजगार सहायक तथा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख श्री मिरा मगरलाई तोक्ने निर्णय गरियो। |
| १० | आर्थिक सहायता सम्वन्धमा। | यस सुनापति गाउँपालिका वडा नं. १ गुन्सी स्वास्थ्य चौकिमा कार्यरत एम्बुलेन्स चालक श्री चन्द्रलाल चौलागाईको मुटुको सल्यक्रिया गरेकोले निजलाई यस गाउँपालिकाबाट रु. १ लाख आर्थिक सहयोग गर्ने। |
| ११ | वडा नं. ४ को वडा कार्यालयको कोठा सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा विगत २०७६ सालदेखि वडा नं. ४ वडा कार्यालयको एक कोठा नेपाल टेलिकम र एरोनेटले कुनै सम्झौता नगरी तथा कोठाभाडा समेत नतिरी प्रयोग गरिरहेकोले पुनः आवश्यक भए प्रचलित कानून वमोजिम कोठाभाडा लिने गरी सम्झौता गरी प्रयोग गर्न दिने र आवश्यक नभएमा हालसम्म कोठा प्रयोग गरेबापतको भाडा असूल गरी खाली गर्न निर्देशन दिने। |
| १२ | करारोपण सम्वन्धमा । | सुनापति गाउँपालिकाको कार्यालयले हालसम्म नेपाल सरकारको गाउँपालिका तथा नगरपालिकाको एकल अधिकार सम्वन्धमा संविधानमा व्यवस्था भए वमोजिम र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा उल्लेख गरेको कर संकलन सम्वन्धी व्यवस्था अनुसार राजश्व परामर्श समितिको सिफारिस मार्फत कार्यपालिकाको निर्णय र गाउँसभाबाट अनुमोदन गरे पश्चात मात्र करको दर र दायरा सम्वन्धी कार्य गरिने गरेको र अधिकार क्षेत्र भन्दा बाहेक नयाँ क्षेत्रमा करारोपण नगरिएको यस कार्यपालिकाबाट निर्णय गरियो। |
| १३ | विद्युतिय वोलपत्र आव्हानको वोलपत्र पूर्व बैठक सञ्चालन सम्वन्धमा । | सुनापति गाउँपालिकाको कार्यालयको सेवा तथा निर्माण सम्वन्धी खरिद गर्दा वोलपत्र मार्फत गर्ने गरेको कार्यपालिकालाई अवगत नै छ। वोलपत्र खोल्नु पूर्व वोलपत्र सूचनामै उल्लेख गरी वोलपत्र पूर्व बैठक मिति तोक्ने गरेको तर हालसम्म कुनै पनि बोलपत्र पूर्व बैठकमा वोलपत्र दाता उपस्थित नभएको भनि खरिद समिति मार्फत जानकारी प्राप्त भएकोले वोलपत्र पूर्व (Pree-Bid Meeting) बैठकको आवश्यकता र औचित्य नदेखिएकोले अब उप्रान्त वोलपत्र पूर्व बैठक नराखे निर्णय गरियो । |
| १४ | आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धी कार्यविधि सम्वन्धमा। | यस गाउँपालिकामा गत आर्थिक वर्ष २०८१/०८२ मा आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धी कार्यविधि तर्जुमा र कार्यान्वयन नगरिएको तर नेपाल सरकार, वागमती प्रदेश सरकार र स्थानीय सरकार सञ्चालनको लागि निर्मित कानून तथा कार्यविधिको परिधि भित्र रहि आन्तरिक नियन्त्रण प्रणाली सञ्चालन र व्यवस्थापन गरेको भनी कार्यपालिकाले अपनत्व लिने निर्णय गरियो। |

[illegible] कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

| | | |
|---|---|---|
| १५ | विषयक्षेत्रगत सेवाहरुको सेवा प्रवाह प्रक्रियाको मापदण्ड सम्बन्धमा। | यस सुनापति गाउँपालिकाले विगतका आर्थिक वर्षहरुमा विषयक्षेत्रगत सेवाहरुको सेवा प्रवाह मापदण्ड तर्जुमा नगरेको तर समग्र विषयक्षेत्रहरुबाट प्रवाह हुने सेवाहरुलाई विषयगत शाखाहरुबाट स्थानीय सरकार सञ्चालनको लागि बागमती प्रदेश सरकार र नेपाल सरकारबाट जारी सेवा मापदण्डका साथै प्रचलित ऐन कानूनलाई आधार बनाई सेवा प्रवाहको कार्य गरिएको भनी यस कार्यपालिकाले स्वीकृत गर्ने निर्णय गरियो। |
| १६ | उपभोक्ता समितिलाई योजना हस्तान्तरण सम्बन्धमा। | गत आर्थिक वर्ष २०८१/०८२ मा उपभोक्ता समितिबाट कार्यान्वयन गरिएका योजनाहरुको लागि मर्मत तथा सुधार साथै संरक्षण र उपयोगको लागि स्वतः उपभोक्ता समिति जिम्मेवार हुने हुँदा नीतिगत रुपमा हस्तातरण नगरिए पनि यस कार्यपालिकाले हस्तान्तरण गरेको मान्ने निर्णय गरियो। |
| १७ | खाद्य असुरक्षा नरहेको सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा यस सुनापति गाउँपालिकामा रहेको खेतियोग्य जमिनको उपयोगबाट उत्पादन हुने खाद्यान्नले धेरैमात्रामा वर्ष भरी उपभोग गर्न सकिने र यो गाउँपालिका काठमाण्डौबाट नजिक भएकोले नपुग खाद्यान्न ढुवानी गरी गाउँपालिका भित्र बिक्री वितरण हुने हुँदा खाद्य असुरक्षा नरहेको घोषणा गर्ने निर्णय गरियो। |
| १८ | जग्गा प्लटिङ वा खण्डीकरण सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा यस सुनापति गाउँपालिकामा स्थायी बसोबास गर्ने धेरै नागरिकहरु काठमाडौंमा बसोबास गरेको र गाउँपालिकामा सहरीकरण कमै हुने गरेकोले हालसम्म जग्गा प्लटिङ वा खण्डिकरणको कार्य हुने नगरेको घोषणा गर्ने निर्णय गरियो। |
| १९ | सुनापति नगर विकास समिति गठन सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा सुनापति नगर विकास समितिको गठन नगर विकास ऐन, २०४५ को दफा ४ बमोजिम तपसिलका पदाधिकारीहरु रहने गरी गठन गर्ने निर्णय गरियो।<br>तपसिलः<br>१. गाउँपालिका अध्यक्ष श्री ठुलोकान्छा तामाङ - संयोजक<br>२. जिल्ला समन्वय समितिको प्रमुखले तोकेको जिल्ला समन्वय समिति रामेछापको सदस्य श्री - सदस्य<br>३. प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत श्री - सदस्य<br>४. वन, भूमि तथा नापी सम्बन्धी स्थानीय तह वा जिल्ला स्थित कार्यालयका प्रतिनिधिहरुमध्ये डिभिजन वन कार्यालय रामेछापको प्रतिनिधि श्री - सदस्य<br>५. भूमि तथा नापी कार्यालयका प्रतिनिधि श्री - सदस्य |

प्रमुख प्रशासकीय अधिकृत